# जिल्ला विकास समिति महासंघ नेपाल

**Association of District Development Committees of Nepal**

(ADDCN)

1994

Ref. No.:- ०१ ०७३/७४

Date:- २०७३/०४/०९

## प्रेस विज्ञप्ति

नेपालको संविधान २०७२ को प्रावधान अनुसार स्थानीयतह-गाउँ कार्यपालिका, नगरपालिका, विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सिमाना निर्धारण आयोग गठन भई पुनःसंरचना कार्य अगाडि बढाइएकोमा जिल्ला विकास समिति महासंघ नेपाल हार्दिक स्वागत गर्दछ । साथै उक्त आयोगले सार्वजनिक गरेका विषय प्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको सार्वजनिक गर्दै निम्नानुसार सुझावसहित प्रक्रिया र सहभागिता अपनाई मात्र निर्णय गर्न आयोग, नेपाल सरकार, राजनीतिक दलहरु लगायत सम्पूर्ण सरोकारवाला निकाय समक्ष अपिल गर्दै भविश्यमा पर्न सक्ने नकारात्मक प्रभाव प्रति समयमै सचेत हुन नागरिकहरु समक्ष समेत जोडदार अपिल गर्दछौं :

१. स्थानीय तहको प्राविधिक सहयोग समिति कर्मचारीको मात्र गठन गरिएकोले जनताकानिर्वाचित पूर्व तथा वर्तमान प्रतिनिधिहरु राजनीतिक दलका प्रमुख वा प्रतिनिधिहरु, विभिन्न नागरिक सञ्चाल समुह, समिान्तकृत समुदाय लगायतको राय आधिकारिक रुपमा लिने व्यवस्था गरिनु पर्ने,

२. स्थानीय तहमा सम्वन्धित जिल्ला, नगर र गाउँको विशेष परिषदबोलाई राय र निर्णय लिइंदा उपयुक्त हुने

३. २०७३ श्रावण ४ गते गोरखा पत्र, राइजिङ्ग नेपाल लगायतका राष्ट्रिय दैनिक पत्रिका तथा रेडियो नेपालवाट प्रकाशित सूचना तथा समाचार अनुसार तय गरिएको स्थानीय तहको संख्या जम्मा ५६५ नेपालको हालको पूर्वाधार र तिनको गुणस्तरका अधारमा अत्यन्त हचुवा र सेवा प्रवाहमा प्रतिकुल प्रभाव पार्ने खालको भएकोले यसरी निर्देशित गरी जनताको रायमा प्रभाव पार्न कोशिस नगर्दा उपयुक्त हुने,

४. राय परामर्शवाट प्राप्त सुझावहरु अनुसार निर्णय गर्ने अधिकार आयोगको भए पनि केन्द्रको टेवुलवाट पहिलेका इलाका भन्दा पनि आधा घट्ने गरी न्यूनतम वा अधिकतम संख्या पहिले नै निर्णय गरिएको भनी प्रसारण गर्ने विषय समेत आयोगवाट प्रचार गरिंदा नागरिकमा नकारात्मह प्रभाव परेकोमा उक्त विषय सच्याउनु पर्ने

राज्य पुनःसंरचनाको मुख्य लक्ष र उद्देश्य जनताले सेवा सुलभ रुपमा पाउने, प्रशासकीय इकाईहरुको सामर्थ्यको ख्याल गर्ने भनिए पनि विकसित देशहरुको नक्कल गरी घटाइने संख्याले जनतामा हुन सक्ने नकारात्मक प्रतिक्रिया र गणतन्त्र एवम् संघीयता प्रति हुन सक्ने नैराश्यता बढ्ने जस्ता प्रवृति र निर्णयहरु नगर्न र बलात् गरिएको निर्णय लागु नहुँदा पर्ने प्रभाव वारे समयमै आकलन गरी जनताको रायलाई केन्द्रमा राखी मात्र निर्णय गर्न जोडदार माग गर्दछौं ।

कृष्ण प्रसाद जैशी
प्रवक्ता
जिल्ला विकास समिति महासंघ नेपाल

पत्राचार ठेगाना : सानेपा मोड, ललितपुर, नेपाल, पो.ब.नं. : १२०२२, फोन: ५५५४०८१, ५५२९२०२, फ्याक्स: ००९७७-१-५५४८४६९
Mailing Address:- Sanepa Mode, Lalitpur, Nepal, P.O. Box # 12022, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org.np